अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विदेह नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १ मिति : २०७८/०२/३०

## भाग-२

## बाल कोष सञ्चालन कार्यविधि-२०७८

**विदेह नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।०२।३०**

**पृष्ठभुमी:** बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६३ को उपदफा ५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२(ग)२९ र दफा ७० अनुसार विदेह नगरपालिका भित्रका अति विपन्न, असहाय, आपतकालिन तथा जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुर्नस्थापना गर्न बाञ्छनिय भएकोले विदेह नगरपालिकाले बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि बालकोष सञ्चालन कार्यविधी २०७७ स्वीकृत गरि लागु गरेको हो। स्थानिय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न विदेह नगरपालिका र वडाहरुले बालकोषको स्थापना गर्नेछ। बाल कोषको प्रभावकारी सञ्चालन तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को मातहतमा रही विदेह नगरपालिकाद्धारा बालकोष सञ्चालन कार्यविधी २०७७ स्वीकृत गरी लागू गरिएकोछ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधीको नाम "बाल कोष सञ्चालन कार्यविधी २०७७" रहेको छ ।

(ख) यो कार्यविधी विदेह नगरपालिकाबाट स्वीकृत गरी अधिकार प्राप्त अधिकारीले प्रमाणित गरेको मिति देखि लागू हुनेछ ।

(ग) यो कार्यविधी लाई नेपाल सरकार, प्रदेश सरकार र विदेह नगरपालिकाले बाल अधिकार सम्बन्धी अर्को व्यवस्था नगरे सम्म कार्यान्वयन गरिनेछ ।

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:**

क) "नगरपालिका" भन्नाले विदेह नगरपालिका सम्झनु पर्दछ ।

ख) "नगर कार्यपालिका" भन्नाले विदेह नगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

ग) "बाल कोष" भन्नाले यस कार्यविधी को बुदा नं. ३ नं.मा उल्लेख गरे बमोजिम स्थापना गरिएको कोष सम्झनुपर्दछ ।

घ) "कार्यालय" भन्नाले विदेह नगरपालिकाको कार्यालय र विदेह नगरपालिकाको १ देखि ९ वटै वडा कार्यालयलाई सम्झनुपर्दछ ।

ङ) "जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले बाल बालबालिका सम्बन्धी ऐनको दफा ४८ र यस कार्यविधिको १२ नं. बुंदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ ।

च) "बालकोष सञ्चालक समिति" भन्नाले कार्यविधिको ५ नं. बुंदामा उल्लेख गरेबमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ ।

छ) "स्थानीय बाल अधिकार समिति" भन्नाले पालिका स्तरिय बाल अधिकार समिति भन्ने सम्झनुपर्छ ।

ज) "वडा बाल अधिकार समिति" भन्नाले विदेह नगरपालिका भित्रका १ देखि ९ वटै वडामा गठित वडा स्तरिय बाल अधिकार समितिलाई बुझ्नुपर्दछ ।

झ) "बाल कल्याण अधिकारी"भन्नाले बाल बालिका सम्बन्धी ऐन २०७५ को दफा ६१ तथा यस कार्यविधी अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

ञ) समिति भन्नाले स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

**३. बालकोषको उद्देश्यः**

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई राहत उपलब्ध गराउने,

ग) जाखिम अवस्थामा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

घ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) जोखिम अवस्थामा रहेका बालबालिकाहरुको बालअधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

च) बाल विवाह भई जोखिममा परेका बालबालिकाहरुलाई सहयोग गर्ने ।

छ) बाल श्रमिकमा रहेका वा बालश्रममा जान सक्ने बालबालिकालाई सहयोग गर्ने ।

ज) विशेष संरक्षणको आवश्यक्ता रहेका बालबालिकाहरूलाई थप उपचारका लागि सम्वन्धित निकायमा प्रेसण गर्ने ।

**४. बालकोषको स्थापनाः**

क) विदेह नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका नगरपालिका र यस नगरपालिकाको वडाहरु भित्रका बालबालिकाको संरक्षण गर्न विदेह नगरपालिका स्तरिय एउटा कोष र प्रत्येक वडाहरुमा एक एक बाल कोषको स्थापना गरिनेछ ।

ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) संघीय सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम,

ख) प्रदेश सरकारले बालकोषमा जम्मा गर्न पठाएको रकम

ग) विदेह नगरपालिकाले बालकोषमा जम्मा गर्न पठाएको रकम

घ) विदेह नगरपालिकाका वडाहरुले यस कोषमा जम्मा गर्न पठाएको रकम,

ङ) विभिन्न संघ-संस्था वा ब्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

च) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ६३ को उपदफा २ बमोजिमको रकम



CamScanner

५. **सञ्चालक समितिको गठन तथा संचालन:** नगरपालिका स्तरिय बालकोष संचालन: नगरपालिका स्तरिय बालकोष संचालनको लागि बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा २ अनुसार गठित स्थानीय बाल अधिकार समिति संचालक समितिको रुपमा रहनेछ। भने वडाहरुमा संचालित बालकोषको लागि वडा बाल अधिकार समिति नै संचालक समितिको रुपमा रहनेछ।

६. **खाताको सञ्चालन :**

क) **नगरपालिका स्तरिय बालकोष खाता सञ्चालन :** नगर पालिका स्तरिय बालकोष खोल्नको लागि स्थानीय बाल अधिकार समितिको बालकोषको खाता खोल्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ। खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ। खाता सञ्चालन स्थानीय बाल अधिकार समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ।

ख) **वडा स्तरीय बालकोष खाता सञ्चालन :** वडा स्तरमा बालकोष खोल्नको लागि वडा बाल अधिकार समितिको बालकोषको खाता खोल्ने निर्णयले नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोल्न सक्नेछ। खाता सञ्चालन गर्ने क्रममा चल्ती वा बचत दुबै प्रकारको खाता खोल्न सकिनेछ। खाता सञ्चालन वडा बाल अधिकार समितिको संयोजक र सदस्य सचिवको संयुक्त हस्ताक्षरमा खाता सञ्चालनमा रहनेछ।

७. **बालकोष सञ्चालकका लागि संचालक समितिको काम, कर्तब्य र अधिकार**

(क) आपतकालिन वा जोखिम अवस्थामा रहेका बालबालिकाहरु, बाल विवाह गरी जोखिममा रहेको र बालश्रमको कारणले जोखिममा रहेको पहिचान गरी तिनीहरुको तत्काल उद्धार गर्ने, राहत वितरण गर्ने वा पारिवारिक पुर्नमिलन गर्ने गराउने।

(ख) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने।

(घ) सहयोगको आवश्यता र उपलब्ध स्रोतको आधारमा प्रतिब्यक्ति बढिमा रु १०,००० सम्म सामग्री वा नगद सहयोग गर्ने।



CamScanner

(ङ) स्वीकृत कार्यक्रम प्रभावकारी कार्यान्वयन भए, नभएको तथा सहयोग प्राप्त बालबालिकाको जीवन सुधार प्रगतिको सम्बन्धमा अनुगमन गर्ने ।

(च) बालकोष संचालनको सम्बन्धमा स्थानीय बाल अधिकार समितिले नगरपालिका र वडा बाल अधिकार समितिले वडा कार्यालयले दिएको सल्लाह सुझावहरुलाई पालना गर्ने ।

(छ) बालबालिकाको सहयोगको लागि विभिन्न निकाय तथा संघ-संस्थासँग समन्वय गर्ने ।

(ज) सहयोग गरिएका बालबालिकाहरुको र सहयोगी संस्थाको विवरण अद्यावधिक गरी राख्ने ।

(झ) बालकोषको रकम बृद्धि गर्न उपयुक्त निति तथा कार्यक्रम र रचनात्मक कार्यक्रमको तर्जुमा गर्ने ।

(ञ) प्रत्येक ६ महिनामा कार्यप्रगति विवरण स्थानीय बाल अधिकार समिति तथा सम्बन्धित वडा बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) आपतकालिन अवस्थाका बालबालिकाको संरक्षणका लागि अन्य आवश्यक थप कामहरु गर्ने,

**८. समितिले तपसिल बमोजिमको गर्न नहुने कार्यहरु:**

क) बालकोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्ने कार्य

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्ने ।

ग) पहुच, पावर र भागवण्डाका आधारमा बालकोषको रकम बाँडफाँड तथा सहयोग गर्ने कार्य

**९. सञ्चालक समितिको बैठक:** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागि स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको



CamScanner

अनुपस्थितिमा सञ्चालक समितिको जेष्ठ सदस्य वा सहभागि सदस्यहरुको सहमतिमा तोकेको व्यक्तिले गर्नेछ ।

ग) समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरि राख्नेछ ।

१०. **सञ्चालक समितिको सम्पर्क स्थानः** बालकोष संचालनको लागि नगर पालिका स्तरमा स्थानीय बाल अधिकार समितिंमा रहने र वडाहरुमा बालकोषको संचालनको रुपमा रहेका वडा बाल अधिकार समितिको कार्यालय सम्पर्क कार्यालयको रुपमा रहनेछ। नगरपालिकामा बाल कल्याण अधिकारी तथा वडाहरुमा वडा बाल अधिकार समितिको सदस्य सचिवको रुपमा कार्यरत व्यक्तिले गर्नेछ ।

११. **लेखा परिक्षणः** विदेह नगरपालिकाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक बर्ष आय-व्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

१२. **आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तरगत देहायका बालबालिका पर्दछनः**

क) बालबालिका सम्बन्धी ऐन २०७५को दफा ४८ मा उल्लेख गरिएका बालबालिकाहरु

ख) यौनशोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित,

घ) अपांगतामा भएका,

ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

च) हिंसाबाट प्रभावित एवं पिडित भएका,

छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,

झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धीत रहेको कारणले बेवारिसे भएका,

ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,

ट) सुस्त मनस्थिति भएका



CamScanner

ठ) अपहरण वा शरिर बन्धकमा परेका,

ड) सडक बालबालिका,

ढ) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

ण) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

त) बाल विवाह गरि विद्यालय छोडेका वा अन्य जोखिममा रहेका

थ) बालश्रममा संलग्न र बालश्रममा जानसक्ने अवस्था भएका बालबालिकाहरु

द) स्थानीय बाल अधिकार समितिले तोकेका अन्य बालबालिका ।

१३. **सहयोगको लागि निवेदन दिन सक्ने:** कार्यविधिको बुदा नं. १२ र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४८ मा उल्लेख गरिएका बालबालिकाहरुको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी स्थानीय बाल अधिकार समितिमा विदेह नगरपालिकामा बसोबास गर्ने र वडा बाल अधिकार समितिमा सम्बन्धित वडामा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले सम्पर्क कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

१४. **सहयोग दिने प्रक्रिया :** प्राप्त निवेदनको आधारमा स्थानीय बाल अधिकार समिति र वडा वाल अधिकार समितिले प्राथमिकताको आधारमा सहयोगको लागि निर्णय गरि सहयोग प्रदान गर्नेछ । तत्काल आवश्यकता रहेका बालबालिकाहरुलाई सहयोग गर्नु पर्ने अवस्थामा बालबालिकाहरुलाई तत्काल बालकोषको खाताबाट सहयोग प्रदान गरिनेछ र प्रदान गरेको सहयोगलाई आगामी दिनको पहिलो बैठकबाट सहयोग गरिएको रकमलाई समितिको निर्णयबाट अनुमोदन गर्नु पर्नेछ ।

१५. **प्रगती प्रतिवेदन :** स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिको सदस्य सचिवले बालकोषबाट सहयोग गरेका बालबालिकाहरुको विवरण, बाल कोषको आय व्यय विवरण सहितको विस्तृत प्रतिवेदन तयार गरि वार्षिक कार्यप्रगती विवरण स्थानीय बाल अधिकार समिति र वडा बाल अधिकार समितिमा एक/एक प्रति पेश गर्नु पर्ने छ । वडा बाल अधिकार समितिले वार्षिकरुपमा एक प्रति स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ ।

१६. **कोषको रकम रोक्का नहुने :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको

CamScanner

भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१७. **अन्य खर्च:** कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा बालउद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ ।

१८. **कार्यविधीको व्याख्या तथा संशोधन :** यस कार्यविधीको व्याख्या तथा संसोधन नगर कार्यपालिकाको बैठकले आवश्यकता अनुसार गर्न सक्नेछ । कार्यविधीमा उल्लेख भएका विषयहरु नेपाल सरकारको प्रचलित कानुन संग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१९. **कोष खारेज हुन सक्ने अवस्था :** कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रर्याप्त कारणहरु सहित संञ्चालक समितिको निर्णयले बालकोष खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम स्थानीय बाल अधिकार समितिको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

धन्यबाद ।



CamScanner